annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ४९, पृष्ठ ८ | काठमाडौं, बिहीबार ४ असार २०८३ | ज्येष्ठ शुक्लपक्ष तृतीया नेपाल संवत् ११४६ | THURSDAY, JUNE 18, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



आवरण समाचार

# चिया निर्यात ठप्प : गुम्दैछ लाख बढीको रोजगारी

**भारतले चिया निर्यातमा खडा गरेको अवरोध र अव्यावहारिक मापदण्डका कारण नेपालको चिया क्षेत्रमा महासंकट उत्पन्न भएको छ। भारतीय चिया बोर्डले लागू गरेको नयाँ एसओपीका कारण विगत ४५ दिनदेखि निर्यात ठप्प हुँदा सीमापारिका गोदाममा लाखौं किलो नेपाली चिया अलपत्र परेको छ। निर्यात समस्याले चिया क्षेत्रमा आश्रित १ लाख १० हजारभन्दा बढी मजदुर र किसानको रोजीरोटी खोसिएको छ।**

**तोयानाथ भट्टराई** | *इलाम*
**पार्थ मण्डल** | *झापा*

समाचार पृष्ठ २

## हट्दै फ्री भिसा-फ्री टिकट

### वैदेशिक रोजगारीको लागत शुल्क तोक्ने सरकारको तयारी




**अजवी पौडयाल** | *काठमाडौं*

वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकले म्यानपावर व्यवसायीलाई तिर्नुपर्ने लागत तथा सेवा शुल्क अब सरकारले नै निर्धारण गर्ने भएको छ। श्रमिकबाट चर्को रकम असुल्ने, ठगी गर्ने, रकम बुझाए पनि बिल-भरपाई नदिनेलगायतका गुनासा बढ्दै गएपछि सरकारले वैदेशिक रोजगार क्षेत्रलाई थप व्यवस्थित र पारदर्शी बनाउन लागत शुल्क निर्धारणको प्रक्रिया अघि बढाएको हो।

युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले फ्री भिसा-फ्री टिकटको व्यवस्थाले श्रमिकहरू झन् मारमा परेको भन्दै यसको विकल्पबारे अध्ययन गर्न कार्यदल गठन गरिएको बताएका छन्। उनले बुधबार प्रतिनिधिसभामा भने, 'फ्री भिसा-फ्री टिकट गलत शब्द हो। त्यतिबेला त्यही गरिएको हो। गलत कन्सेप्ट हो। यसलाई परिवर्तन गर्नका लागि जेठ २२ गते कार्यदल गठन गरेर ३५ दिनको समय दिएको छु।' हाल ३० लाखभन्दा बढी नेपाली विभिन्न मुलुकमा श्रमिकका रूपमा कार्यरत रहेकाले वैदेशिक रोजगार क्षेत्रलाई वैज्ञानिक ढंगले व्यवस्थित गर्न आवश्यक रहेको उनको भनाइ छ।

युवा, श्रम तथा रोजगार मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेको संयोजकत्वमा ७ सदस्यीय अध्ययन समिति गठन गरिएको छ। समितिलाई वैदेशिक रोजगारीमा जाने श्रमिकबाट लिन सकिने सेवा शुल्कको आधार, मापदण्ड तथा व्यवस्थाबारे अध्ययन गरी ५ साताभित्र प्रतिवेदन बुझाउने जिम्मेवारी दिइएको छ। वैदेशिक रोजगार ऐनको दफा २४ अनुसार नेपाल सरकारले कुनै खास मुलुक वा कम्पनीका लागि प्रतिकामदार सेवा शुल्क तथा प्रवर्द्धन खर्चसहित संस्थाले लिन पाउने रकमको अधिकतम सीमा तोक्न सक्ने व्यवस्था छ। सरकारले यही कानुनी आधारमा लागत शुल्क निर्धारणको तयारी थालेको हो।

श्रम मन्त्रालयका प्रवक्ता घिमिरेका अनुसार समितिले वैदेशिक रोजगारीमा जाने श्रमिकबाट लिन सकिने सेवा शुल्कको आधार र मापदण्डबारे अध्ययन गरी सुझाव दिनेछ। समितिले नीतिगत तथा कानुनी सुधार, अन्तर्राष्ट्रिय अभ्यास, तथ्यगत विश्लेषण, गन्तव्य मुलुकको अवस्था, श्रमिकको आम्दानी, व्यवसायीको लगानी तथा सञ्चालन खर्चलगायतका विषय अध्ययन गरेर प्रतिवेदन तयार पार्नेछ।

» बाँकी पृष्ठ ६

# पहिलो महाधिवेशनको तीव्र तयारीमा रास्वपा

**अनिल ढकाल** | *चितवन*

सत्तासीन राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पहिलो महाधिवेशनको तयारी तीव्र पारिएको छ। असार ७ देखि ९ गतेसम्म चितवनको भरतपुरमा हुने महाधिवेशनका लागि उद्घाटन तथा बन्दसत्र स्थलको व्यवस्थापन अन्तिम चरणमा पुगेको छ। महाधिवेशनको उद्घाटन सत्र जिल्ला प्रहरी कार्यालय चितवनअगाडि रहेको गेस्ट हाउसको चौरमा हुनेछ। रास्वपाले यसअघि पनि सोही स्थानमा विभिन्न कार्यक्रम गरेको थियो। पार्टी सभापति रवि लामिछाने प्रतिनिधिसभा निर्वाचनमा निर्वाचित भएपछि विजय सभा पनि यहीँ गरिएको थियो। असार ७ गते दिउँसो २ बजेदेखि उद्घाटन सत्र हुनेछ। हाल स्टेज निर्माण, टेन्ट जडान तथा अन्य पूर्वाधार व्यवस्थापनको काम तीव्र गतिमा भइरहेको छ।



रास्वपा चितवनका सभापति मिनीमाधव खनालका अनुसार पहिलो महाधिवेशन भएकाले चितवनको मौलिकता झल्काउने प्रयास गरिएको छ। चितवन राष्ट्रिय निकुञ्ज, वन्यजन्तु संरक्षण तथा थारू समुदायको संस्कृति प्रस्तुत गर्ने योजना बनाइएको उनले बताए। 'जिल्ला र पालिका अधिवेशनका कारण तयारीका लागि समय छोटो थियो। केही चाप त छ नै, तर हामीले तीव्र गतिमा काम गरिरहेका छौं,' खनालले भने, 'पहिलो महाधिवेशनलाई विशेष र स्मरणीय बनाउने हाम्रो प्रयास छ।'

महाधिवेशनमा करिब ४० हजार सहभागी हुने अनुमान गरिएको छ। त्यसमध्ये करिब ३५ सय प्रतिनिधि सहभागी हुनेछन्। प्रतिनिधिहरूले आवासको व्यवस्था स्वयं गर्नुपर्ने भए पनि व्यवस्थापन समितिले होटल व्यवसायीहरूसँग समन्वय गरेको जनाएको छ। भरतपुर, नारायणगढ र सौराहाका होटल व्यवसायी समितिसँग सहकार्य गरी प्रतिनिधिहरूलाई सहुलियत दरमा आवास उपलब्ध गराउने व्यवस्था मिलाइएको बताइएको छ। रास्वपाका केन्द्रीय सदस्य राजन गौतमले तयारी अन्तिम चरणमा पुगेको बताए। 'महाधिवेशनले पार्टीभित्र एकताको सन्देश दिनेछ भन्नेमा हामी विश्वस्त छौं। प्रतिनिधिहरूलाई बसोबासमा सहज होस् भनेर आवश्यक व्यवस्थापन गरिएको छ,' उनले भने। महाधिवेशन उदघाटनको अघिल्लो दिन अर्थात् असार ६ गते केन्द्रीय समितिको बैठक बस्ने कार्यक्रम छ।

**प्रधानमन्त्री जाने कि नजाने ?**

महाधिवेशनमा प्रधानमन्त्री तथा पार्टीका वरिष्ठ उपाध्यक्ष वालेन्द्र शाह (बालेन) सहभागी हुने वा नहुने विषय अझै स्पष्ट भएको छैन। पार्टीका नेताहरूले यसबारे औपचारिक धारणा सार्वजनिक गरेका छैनन्। पार्टीभित्र भने प्रधानमन्त्री शाहको सहभागिताबारे चासो र चर्चा भइरहेको छ।

महाधिवेशनको बन्दसत्रमा विधान अधिवेशन हुनेछ। सभापति रवि लामिछानेले सांगठनिक प्रतिवेदन प्रस्तुत गर्ने कार्यक्रम छ। असार ८ गते नेतृत्व चयनको प्रक्रिया सुरु हुनेछ। महाधिवेशनबाट एक सभापति र ९९ सदस्यीय केन्द्रीय समिति निर्वाचित हुनेछ। विधानअनुसार सभापतिले थप २९ जना सदस्य मनोनयन गर्न सक्ने व्यवस्था छ। निर्वाचित सदस्यहरूमध्येबाट १६ सदस्यीय पदाधिकारी चयन गरिनेछ।

» बाँकी पृष्ठ ५

## सरकारको चरित्र लोकतान्त्रिक भएन : पापड

**काठमाडौं** (अन्नपूर्ण): शान्ति र लोकतन्त्रका लागि पेसागत सञ्जाल (पापड)ले नागरिक अधिकार खुम्च्याउने तथा प्रेस, अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकमाथि अंकुश लगाउने सरकारी प्रयासप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ।

पापडले लोकतान्त्रिक मूल्य-मान्यताको पक्षमा एकजुट हुन पनि सबैमा आह्वान गरेको छ। बुधबार जारी संयुक्त विज्ञप्तिमा पापडले पछिल्लो समय विकसित राजनीतिक, संवैधानिक तथा प्रशासनिक गतिविधिले लोकतान्त्रिक संस्थाहरू, विधिको शासन तथा नागरिक अधिकारलाई कमजोर बनाउने खतरा बढाएको उल्लेख गरेको छ। 'वर्तमान शासन सञ्चालनको शैलीले ती मूल्य मान्यताहरूलाई क्रमश: संस्थागत रूपमै कमजोर बनाउँदै लान खोज्नु चिन्ताको विषय हो,' पापडले भनेको छ।

विज्ञप्तिमा लोकतन्त्र केवल निर्वाचनमार्फत प्राप्त बहुमतको शासन नभई संविधानको सर्वोच्चता, शक्तिको सन्तुलित प्रयोग, संस्थागत उत्तरदायित्व, अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, पारदर्शिता तथा विधिको शासनमा आधारित प्रणाली भएको स्मरण गराउँदै राज्यका सबै अंगलाई यी आधारभूत मान्यताको सम्मान गर्न आग्रह गरिएको छ।

» बाँकी पृष्ठ ५

# कहिले बन्छ बुढीगण्डकी ?

**सुनिता कार्की** | *काठमाडौं*

कम्पनी मोडलमा बनाउने गरी लगानीको ढाँचा स्वीकृत भइसकेको बुढीगण्डकी जलविद्युत् आयोजना अब प्राधिकरण ढाँचामा अघि बढ्ने सरकारको घोषणा छ।

आर्थिक वर्ष २०८३/८४ को बजेटले १२ सय मेगावाटको जलाशययुक्त आयोजना प्राधिकरण ढाँचामा बनाउने गरी अघि बढाइने उल्लेख गरेको छ। पहिलो अध्ययन भएयता बुढीगण्डकी बनाउने ढाँचा परिवर्तन हुँदै आएका छन्, तर आयोजना अझै पूर्वतयारीको चरणमै छ।

सुरुमा करिब साढे दुई खर्ब लागत अनुमान गरिएको आयोजनाको अहिलेको लागत अनुमान चार खर्ब नाघिसकेको छ। बहुउद्देश्यीय आयोजना भएकाले कम्पनी मोडलमा मात्र यसको औचित्य नहुने ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले सार्वजनिक समारोहहरूमा बोल्दै आएका छन्।

२०३५ सालमा स्नोई माउन्टेन इन्जिनियरिङ कर्पोरेसनले २ वा ३ सय मेगावाट क्षमतामा विद्युत् उत्पादन गर्ने भनेर पहिलोपटक सो आयोजना पहिचान गरेको थियो। २०३९ सालदेखि २०४१ सालसम्म सम्भाव्यता अध्ययन गरेपछि सरकारले यसको महत्त्वलाई नजरअन्दाज गर्‍यो र लामो समयसम्म यो गुमनाम बन्यो। जब देशमा १६ घण्टासम्म लोडसेडिङको मार पर्‍यो, तब कुलेखानीजस्ता जलाशययुक्त जलविद्युत् आयोजनाको खाँचो महसुस भयो।

२०६७/६८ मा नेपाल विद्युत् प्राधिकरणले यससम्बन्धी पुराना फाइल खोतल्यो र थप अध्ययनहरू सुरु गर्‍यो। बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा २०६९ सालमा पाँचै विकास क्षेत्रमा जलाशययुक्त जलविद्युत् आयोजना बनाउने महत्त्वाकांक्षी अवधारणा विकास भयो। राजधानी र राजमार्गबाट नजिक पर्ने भन्दै १२०० मेगावाट क्षमताको बुढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजनालाई अघि बढाउने प्रक्रिया सुरु भयो।

२०६९ कात्तिक २ गते बुढीगण्डकी विकास समिति गठन भई यसको थप प्रक्रिया अघि बढ्यो। जेटीडीई कन्सल्ट प्रालि र एनईएएसएस प्रालिसँग सहकार्य गरी फ्रान्सको ट्र्याकबेल इन्जिनियरिङ एसएले २०७१ सालमा यसको विस्तृत अध्ययन प्रतिवेदन



(डीपीआर) तयार गरेर सरकारलाई हस्तान्तरण गर्‍यो। डीपीआरमा २ सय ६० अर्ब लागतमा ८ वर्षभित्र सो आयोजना बन्ने उल्लेख थियो। डीपीआर तयार भएको १२ वर्ष बित्यो, तर आयोजनाको जग पनि हालिएको छैन।

राष्ट्रिय गौरवको जलाशययुक्त बुढीगण्डकी जलविद्युत् आयोजनाको निर्माण ढाँचा र संस्थागत संरचना परिवर्तन भइरहँदा आयोजनाको काममा ढिलाइ हुन सक्ने भन्दै सरोकारवालाहरूले चिन्ता व्यक्त गरेका छन्। जलविद्युत् क्षेत्रका जानकार एवं पूर्व ऊर्जासचिव देवेन्द्र कार्कीका अनुसार आयोजना अगाडि बढाउन कम्पनी वा विकास समिति जुन मोडेलमा गए पनि काम रोकिनु हुँदैन।

'हाल कम्पनी ऐनअन्तर्गत नै धेरै जलविद्युत् आयोजनाहरू निर्माण भइरहेको अवस्थामा बुढीगण्डकीका लागि पनि लगानी, बजेट र स्रोतको सुनिश्चितता गरेर काम सुरु गरिहाल्नुपर्नेमा बारम्बार संरचना परिवर्तनमै अल्झिरहँदा ठोस काम कहिल्यै नहुने जस्तो देखिएको छ,' कार्कीले अन्नपूर्णसँग भने।

सरकारले अब आयोजनालाई थप शक्तिशाली बनाउन प्राधिकरण गठन गर्ने तयारी गरेको भए पनि यो प्रक्रियालाई फास्ट ट्र्याकबाट अगाडि बढाउनुपर्ने र यसका लागि आवश्यक ऐन तुरुन्तै ल्याउनुपर्ने कार्कीको सुझाव छ। 'हालको दुईतिहाइ बहुमतको सरकारले चाहेमा संसद्को बर्खे अधिवेशन वा बजेट पारित भएलगत्तै केही दिन संसद् चलाएरै भए पनि फास्ट ट्र्याकबाट ऐन पारित गर्न सक्ने अवस्था रहेको छ।

» बाँकी पृष्ठ ६